# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
दशरथचन्द नगरपालिका,
बैतडी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट गणेशमान चारनाथ नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ८६. लाख ४५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ३३ लाख नियमित गर्नुपर्ने रु.१ करोड ३५ लाख ९६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७५ लाख ३१. हजार र पेश्की रु.४२ लाख १८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।७ मा जारी गरिएको प्रारम्भिक प्रतिबेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# दशरथचन्द नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ११ वडा, ५८ नगर सभा सदस्य, १३५.१५ वर्ग कि.मी.,क्षेत्रफल र ३४,५७५ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | |
| १ | **गत वर्षको जिम्मेवारी** | | ३२५१९३०४.०० | १ | **चालु खर्च** | | ३२३ |
| | क) नगद | | | | क)वित्तीय समानीकरण अनुदान | ३२३४९९३८२.१८ | |
| | ख) बैंक | ३२५१९३०४.०० | | | ख) सशर्त अनुदान | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ५५६१८००.०६ | | ग) विषयगत | | |
| | क) आन्तरिक राजस्व | २६४३२४४.०० | | | | | |
| | ख) राजस्व बाँडफाँड | ८९३४१५.०० | | | | | |
| | ग) अन्य आय | २०२५१४१.०६ | | २ | **पूँजीगत खर्च** | | १९५ |
| ३ | **वित्तीय हस्तान्तरण** | | ५१९१८२४७५ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| | क)वित्तीय समानीकरण अनुदान | २१६२७१०००.०० | | | क) ऋण भुक्तानी | | |
| | ख) सशर्त अनुदान | ३०२९११४७५.०० | | | ख) ब्याज भुक्तानी | | |
| | ग) समपूरक अनुदान | | | | ग) अन्य भुक्तानी | | |
| | घ) विशेष अनुदान | | | ४ | **लगानी** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | | १ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ७ | **मौज्दात** | | ५० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | क) नगद मौज्दात | | |
| | क) ऋण प्राप्ति | | | | ख) बैंक मौज्दात | ५०८३८६६७.०१ | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ७८४९३२६.८७ | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **धरौटी आय** | | ७५४६५८०.४९ | | | | |
| | **जम्मा** | | ५७२६५९४८६.४२ | | **जम्मा** | | ५७२ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाको प्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई खर्च गर्ने अख्तियारी दिनुपर्नेमा पटक पटक वडा सचिबलाई पेश्कि दिई कार्यालय संचालन गरेको देखियो ।आर्थिक वर्ष २०७४।७५ को नगरसभा मिति २०७४।४।२४ मा सम्पन्न भएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मिति २०७४।४।२४ गतेबाट लागु भएकाले सो कार्य हुन नसकेको व्यहोरा कार्यालयले जनाएको छ । अत: ऐनमा व्यवस्था भए अनुसारको कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |
| २. | **वजेट पेश तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ १० गते भित्र पारीत गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले चालु आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई ऐनमा व्यवस्था भएको समय सीमा भित्र निर्दिष्ट ढाचामा पारित गरेको छैन । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनवमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br>● पुराना मालसमानको मूल्य नखुलेको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(४)<br>● जिन्सी मालसमानको लिलाम/मर्मत नभएको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३)<br>● पेश्की समयमा फछ्र्यौट नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३)<br>● उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२))<br>● वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८)<br>● सवारी साधनको लगबुक नराखेको (आर्थिक कार्यविधी नियमावली, २०६४ को ३६(३))<br>● शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता खर्च लेखेको ।<br>कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्वारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ४. | **स्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन । | |
| ५. | **आन्तरिक ऋण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । नगरपालीकाले यो वर्ष आन्तरीक ऋण उठाउने प्रस्ताब गरेको छैन । | |

६. **स्थानीय तथ्यांङ्क र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम यस नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नअपनाएको हुदा यस अभिलेख व्यवस्थापन व्यवस्थित हुनुपर्दछ ।

७. **न्यायिक समितिको वार्षिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम नगरपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः नगरसभामा वार्षिक विवरण पेश गर्नुपर्दछ ।

८. **स्थानीय राजस्व परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम नगरपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, कर नीतिको सम्बन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको उपर्युक्त व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ ।

९. **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । नगरपालीकाले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै योजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गर्नु पर्नेमा बार्षिक प्रगति पेश गरेको छैन ।नियमावलीको व्यवस्था अनुसार प्रगति प्रतिबेदन तयार गर्नु पर्दछ ।

१०. **चौमासिक प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति आर्थिक बर्ष समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेमा पेश गरेको छैन ।

११. **बैंक हिसाब -**कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको आम्दानी रु. **५७२६५९४८६.४२** खर्च रु.५२१८२०८१९।४१ बैंक मौज्दात रु.५०८३८६६७०१ रहेको छ । कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले मौन्ज्दात रकम एकिन हुन सकेन । बैंक हिसाब मिलान तयार गरी लेखा अद्यावधिक गर्नुपर्दछ ।

१२. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार तेश्रो चौमासिकमा ९०.५ प्रतिशत र यसरी नै आषाढ मसान्तमा(७०.६० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अतः स्वीकृत कार्यक्रममा तोके अनुसार चौमासिकरुपमा कार्यक्रम संचालन हुनु पर्दछ ।

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | पुजिगत | १५८२९८४००.३० | १४९७०५१ | १३५१२१६७.२३ | १४३२८९१८२.०७ | १११७६५५६२ |
| | जम्मा प्रतिशत | १५८२९८४००.३० | १४९७०५१ | १३५१२१६७.२३ | १४३२८९१८२.०७ | १११७६५५६२ |

१३. **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी १२६ रहेपनि पदपूर्ति ९८ रहेको देखियो । १३ अधिकृत सहित २८ पद रिक्त रहेका छन् । ति मध्ये २ जना अधिकृत सहित १६जना करारमा राखि कार्य संचालन गरिएको छ । रिक्त दरबन्दि पदपुर्तिको लागि पहल हुनु पर्दछ ।

१४. **विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| १४.१ | **प्रोदभावी लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको यथार्थ स्थिति देखाउँदैन भने शीर्षकगत खर्चको स्थिति समेत विश्लेषण गर्न सकिएन । | |
| १४.२ | **आर्थिक बर्ष र आय व्ययको लेखा :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ र उपदफा (३) मा त्यसरी बर्गिकरण गर्दा मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गिकरण गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष त्यसरी वर्गिकरण गरी वजेट व्यवस्था गरेको र आय व्ययको लेखा राखेको देखिएन । तोकिए बमोजिम लेखा अद्यावधिक गर्नुपर्दछ । | |
| १५. | **विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट चैत्रदेखि अषाढसम्ममा बिभिन्न कर्मचारीलाई अन्य भत्ता रु.९६,००० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको रकम अनियमित देखिएको रु। | ९६,००० |
| १६. | **सशर्त अनुदान-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले पेश्की निकासा गएको रकम मध्ये रु. **३०२९११४७५.००** खर्च देखाएको छ । कुल निकासा , खर्च र बाँकी रकम एकिन हुनेगरी अभिलेख नराखेकोले हिसाब एकिन गरी बाकी मौज्दात संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ । | |
| १७. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले यसरी हस्तान्तरीत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा साबिकका स्थानिय निकायबाट हस्तान्तरण हुनु पर्ने खप्ने मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १८. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेकोले देखिएन । साबिकमा निकायगत रुपमा कायम पेश्कि तथा अन्य असुल उपर गर्नुपर्ने भनि औल्याईएका बेरुजु नगरपालिकाले अद्यावधिक गरी फरफारकको व्यवस्था अबिलम्ब मिलाई कार्यान्वयन गर्नुपर्दछ । | |
| १९. | **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा एकिन गरी दाखिला गरेको देखिएन । उक्त मौज्दात एकिन गरी सञ्चित कोष दाखिला हुनुपर्दछ । | |
| २०. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था अनुरुप कार्यालयले श्रोत नक्सांकन सहितको प्रोफाईल तयार गरेको छ । सो प्रोफाइलको आधारमा दिर्घ एव मध्यंमकालीन योजना तर्जुमा गरेको पाइएन ।यसमा उल्लेखित श्रोतको प्राप्ती तथा उपयोगमा ध्यान दिनुपर्दछ । | |
| २१. | **प्राकृतिक स्रोतको शुल्क :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको आयजन्य स्रोतको शुल्क निर्धारण गर्दा प्रदेश सरकारले तोकेको दरमा नबढने गरी शुल्क निर्धारण गर्नु पर्नेमा प्रदेश सरकारले शुल्कको दर रेट नतोकेका कारण नगर सभाले आफु खुसी दर तय गरी आन्तरीक आय असुल गरेको छ । | |

२२. **कार्यसम्पन्न प्रतिवेदन:**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिका कार्यालयवाट ४६० वटा निर्माण कार्यका लागी रु **२४२८८३०५६.००** बजेट बिनियोजन भई रु **१९५७३७८२८.२३** खर्च भएको बिवरणमा उल्लेख छ । सबै योजनाहरु आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म कुल योजना मध्ये २१ योजनाको निर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

२३. **उपभोक्ता समितिबाट भएको खर्च :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जन सहभागिताबाट व्यहोरिएको लाभ, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयमा शशर्त अनुदानबाट संचालीत कार्याक्रमका लागि ४५२ वटा उपभोक्ता समितिसँग रु १८ करोड ९३ लाख ९ हजार बरावरको सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा नापी किताबमा निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्ने गरी स्वीकृत लागत इष्टिमेट अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानी तर्फको सम्झौता अंकबाट कुल मुल्यांकन भएको कामको मुल्यमा ८० प्रतिशत एकिन गरी बांकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको जनश्रमदानको अंश भनि उल्लेख गरेको अवस्था देखियो । अतः ग्रामिण सडक,सिंचाइ कुलो, मठ मन्दिर निर्माण पहिरो नियन्त्रण, बिद्यालय फिल्ड, ग्राउण्ड निर्माण गोरेटो घोरेटो बाटो पि.सी.सी लगायतका बिभिन्न योजनाको कार्यान्वयनमा सम्झौतामा उल्लेखित जनश्रमदानको कामको स्पष्ट मूल्यांकन गरि आइटम वाइज कामको प्रगति भुक्तानी बिलमा किटानी साथ उल्लेख गरी जनश्रमदानको अभिलेख अद्यावधिक गर्नु पर्दछ ।अत कार्यालयले स्वीकृत कार्यक्रमहरु उपभोक्ताबाट कार्यान्वियन गराएको सर्न्दभमा निर्माण कार्यको अद्याबधिक अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ ।

२४. **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि२०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालीकाले दलित महिला संघ , पेशागत संघ संगठन,को क्षमता बिकास गोष्ठी दिबसिय पर्वहरु, जस्ता बितरणमुखि कार्यक्रममा समेत रु. ८७००००० खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना नभएको उदाहरण निन्न अनुसार देखिएकोले सो रकम नियमित हुनुपर्ने देखिएको रु — ८७०००००

| कार्यक्रम/समुहकोनाम | सङ्ख्या | | |
|---|---|---|---|
| | | बजेटरु | बजेट खर्च |
| महिला | ३० | २६१०००० | २६१०००० |
| दलित | २५ | २१७५००० | २१७५००० |
| अपाङ्ग | ७ | ६०९००० | ६०९००० |
| जेष्ठ नागरिक | २ | १७४००० | १७४००० |
| जनजाती | १ | ८७००० | ८७००० |
| बालबालिका | ३५ | ३०४५००० | ३०४५००० |
| कुल जम्मा | | ८७००००० | ८७००००० |

२५. **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष नगर सफाइ कार्यक्रममा फोहर मैला व्यवस्थापन रु.१०,००,०००।- खर्च गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२६. **सामाजिक सुरक्षा :**संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत पहिलो किस्तामा रु.२३४८८००० दोस्रो किस्तामा रु.२३४८८००० तथा तेस्रो किस्ताबाट रु.२६५५४००० समेत कुल रु.७३५३०००० निकासा भएकोमा नगरपालीकाले रु.७०९९८२०० निकासा खर्च लेखि रु २५३१८०० कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा फिर्ता भएको छ ।

२७. **आर्थिक साहायता:** कार्यालयले आन्तरिक पूजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाटखर्चको विल भरपाई बेगर निबेदनमा तोक

| | | |
|---|---|---|
| | आदेशका आधारमा १५ जनालाई रु.३,००,०००।- आर्थिक सहायता भुक्तानी भएको छ । प्रशासकिय प्रमुखले बढीमा एकपटकमा रु ५ हजार सम्म आर्थिक सहायता दिन सक्ने नियमावलीको व्यवस्था पालना हुन सकेको देखिएन । निबेदनका आधारमा मात्र आर्थिक सहायता दिने कार्य नियन्त्रण हुनु पर्दछ । | |
| २८. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । सिफारीस व्यक्तिगत घटना दर्ता,भुमिकर मालपोत , प्रशासनिक दण्ड जरीवाना लगायतका शिर्षकगत आन्तरिक आय दस्तुर रु.५३०६००० आम्दानी प्रक्षेपण गरीएकोमा रु.३५,३६००० असुल भई बैंक दाखिला गरेको छ । | |
| २९. | **कार्यक्रम वेगरको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ । यस वर्षको कार्यक्रममा नरहेकोमा नगरपालिकालाई संघिय संरचना पुर्वाधार विकास कार्यक्रममा विनियोजित वजेट रकमान्तर गरि अन्य विभिन्न कार्यक्रम गरि खर्च लेखेको रु.४८,००,००० नियम संगत देखिएन । नियमावलीमा भएको व्यवस्था अनुरुप कार्यक्रम संचालन हुनुपर्दछ । | ४८,००,००० |
| ३०. | **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २ र ४ नं.सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाईका लागि दुई पटक बिनियोजन गरेको बजेट रु.१,५०,००० खर्च भएको छ । कार्यालयले नै आफुले सम्पादीत बार्षिक कार्यहरुको सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गरी खर्चको पारदर्शिता कायम गर्ने तर्फ प्रयास गर्नुपर्दछ । | |
| ३१. | **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले स्वीकृत वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । कार्यालयले बर्षान्तमा आएर बिनियोजीत रकम स्वीकृत कार्यक्रममा खर्च हुन नसकेको भनि परामर्श सेवाबाट रु.३०,००० पदाधिकारी दैनिक भ्रमण भत्तामा रकमान्तर गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बर्षन्तमा रकमान्तर गर्ने प्रकृया रोकिनुपर्दछ | |
| ३२. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ ।कार्यालयले कार्यान्वयनमा ल्याएका योजना बढी बितरणमुखी, बाष्पिकरण प्रकृतिका रहेका , सहभागितमूलक अबधारणमा आधारीत नदेखिएका, उत्पादनमूलक र प्रतिफल एकिनको मुल्याङ्गन गर्न नसक्ने अबस्थाका देखियो । सिमीत स्रोत साधनको उपलब्धताका समेत ध्यानमा राखि योजना प्राथमिकिकरण गरी छनोट हुनुपर्दछ । | |
| ३३. | **विमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । उपभोक्ताद्धारा कार्यान्वियन भएका ग्रामिण सडक, बिद्यालय भबन लगायतका संरचना निर्माणमा नियमावलीमा व्यवस्था भए अनुसार बिमा गरेको देखिएन । योजना संझौता भएको १५ दिन भित्र यस्ता निर्माणाधिन संरचनाको अनिबार्य बिमा गरी कार्यालयले सम्भाव्य संरचनागत जोखिम न्युनिकरणमा पहल गर्नु पर्दछ । | |

| योजना | लागत अनुमान तथा ठेक्का रकम | खर्च रकम रु |
|---|---|---|
| ग्रामिण सडक ३० बटा | ३८२२७७२४।०६ | ३८२२७७२४।०६ |
| बिद्यालय भबन २ बटा | २२००००।०० | १९०८३४१।०० |
| खानेवानी योजना २ बटा | २४०००००।०० | १७४७५२१।८९ |
| सिँचाई योजना १ वटा | १५०००००।०० | १५०००००।०० |
| मन्दिर १ वटा | २१०००००।०० | २१०००००।०० |
| जिम क्लब २ वटा | २२०००००।०० | १९४००००।०० |
| टेवा पर्खाल १ वटा | १२०००००।०० | ११२०८०९।१० |
| | | ४८५४४३९६।०० |

| | | |
|---|---|---|
| ३४. | **पूँजीगत शशर्त अनुदान तर्फः**<br>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत ससर्त अनुदानका लागि मकै ब्लक अनुदानका लागि रु.८,००,००० को बराबरको कृषि विकास कार्यालय बैतडीसँग ५० प्रतिशत अनुदानमा गहुँको विउँ २००० क्वीन्टल वितरण गर्ने सम्झौता भई अनुदान खर्च लेखेकोमा देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| ३४.१ | जिल्ला कृषि विकास कार्यालय बैतडीबाट परियोजना अर्न्तगत ८,००,००० को बिउ-खरिदको बिल पेश गरी भुक्तानी लिइसकेपछि पुनः नगरपालीका कार्यालयबाट सोही प्रस्तावका आधारमा रु.८,००,००० दाहोरो पारी भुक्तानी लिएको देखियो । अतः एउटै कार्यक्रमका लागि दुई सरकारी निकायबाट ५०।५० प्रतिशत छुट लिई शतप्रतिशत अनुदानमा कृषकलाई आपुर्तक सिद्धबाबा सप्लायर्सले भुक्तानी लिएको देखियो । अतः जिल्ला कृषि विकास कार्यालय बैतडीबाट ५० प्रतिशत अनुदान रकम भुक्तानी भइसकेपछि उपभोक्ताले बेहोर्ने पार्टको फोटोकपि बिल राखी थप ५० प्रतिशत अनुदान नगरपालीकाबाट लिएको | ८,००,००० |

<table>
<tr><td></td><td>देखिएकोले दोहोरो भुक्तानी भएको रु.८,००,००० असुल हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>शसर्त शिक्षा तर्फः</td><td></td></tr>
<tr><td>३५.</td><td>नानीगाड आधारभुत विद्यालयको प्रा.वि द्धितिय शिक्षक पुष्पा पन्त २०७४।७।२० देखि अवकाश भएकोमा प्रथम चौमासिक निकासा दिँदा निजको मासिक तलब भत्ता रु.२७,६३२ ले कार्त्तिक महिनाको ११ दिनको रु.१०,१३१ कट्टी गरी दशै खर्च समेत रु.१,३८,३५८ निकासा दिएकोले २० दिनको बढी निकासा दिएको रकम असुल गर्नुपर्ने रु.</td><td>१०,१३१।-</td></tr>
<tr><td>३६.</td><td>जोशीबुङ्गा मा.वि लमौताको प्रा.वि शिक्षक हरिदत्त जोशी २०७४।११।१ देखि अवकाश भएकोले फाल्गुण महिनाको तलब नपाउनेमा दोस्रो चौमासिक निकासा गर्दा फाल्गुणको रु.२९,६३४ तलब कटाई रु.८८,९०१ मात्र निकासा दिनुपर्नेमा १ महिनाको बढी निकासा दिएको रकम असुल हुनुपर्ने रु.</td><td>२९,६३४।-</td></tr>
<tr><td>३७.</td><td>केदार नागार्जुन मा.वि. वगलेखानका नि.मा.वि द्धितिय शिक्षक शंकरदत्त पन्त २०७४।७।२० देखि अवकाश भएकोमा निजको मासिक तलब भत्ता रु.३८,१०६ ले कार्त्तिक महिनामा ११ दिनको रु.१३,९७२ कटाई दशै खर्च समेत रु.१,७२,००३ मात्र निकासा दिनुपर्नेमा रु.१,८५,९७५ निकासा दिएकोले बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.</td><td>१३,९७२।-</td></tr>
<tr><td>३८.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई राख्नुपर्ने व्यवस्था छ । निम्न गोश्वारा भौचर र मितिमा निम्नानुसार खर्च लेखेकोमा बील पेश नभएकोले बील भरपाई पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु.
<table>
<tr><td>गो.भौ.नं. र मिति</td><td>नाम</td><td>सामान</td><td>रकम</td></tr>
<tr><td>२०-२०७५/२/२२</td><td>वटैराज प्रा.वि.</td><td>प्रशासनिक खर्च</td><td>४००००</td></tr>
<tr><td>२१-२०७५/२/२५</td><td>सामुदायिक सिकाई केन्द्र</td><td>डेस्कटप कम्प्युटर २ थान</td><td>११००००</td></tr>
<tr><td></td><td></td><td>वाई म्याक्स नेट जडान</td><td>२५०००</td></tr>
<tr><td></td><td></td><td>रिभल्विङ्ग कुर्सी १ थान</td><td>१४५००</td></tr>
<tr><td></td><td></td><td>कम्प्युटर कुर्सी २ थान</td><td>१३२००</td></tr>
<tr><td></td><td></td><td>स्टील बेन्च २ थान</td><td>३३६००</td></tr>
<tr><td></td><td></td><td>अन्य भ्याट</td><td>१६७००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२५३०००</td></tr>
</table></td><td>२५३०००</td></tr>
<tr><td>३९.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई राख्नुपर्ने व्यवस्था छ । मा.वि तहका शिक्षकहरुको तलब भत्ता तथा प्रशासनिक खर्च वापत रु.१४,७०,३५४।६८ खर्च लेखेकोमा बैंक रकम पठाएको बैंक आदेश र स्कुलहरुले निकासा माग गरेको माग फारम पेश नभएको रु.</td><td>१४,७०,३५४।६</td></tr>
<tr><td>४०.</td><td>प्रशिक्षक एवं संयोजक अम्बादत्त पाण्डेयले वार्षिक घटी भएको तलब रु.२५,३६१।०५ भनि एकिन महिना नखुलाई एक महिनाको तलब र प्रशिक्षक पुष्पराज लेखकले रु.१९,६००।८८ भुक्तानी लिएकोमा निजहरुको तलब घटी भुक्तानी भएको स्रेस्ताबाट हिसाब भिडेको नदेखिँदा बढी भुक्तानी भएको तलब असुल हुनुपर्ने रु.</td><td>४४,९६१।९३</td></tr>
<tr><td>४१.</td><td>द.न.पा ८ डुङ्गरा बस्ने मनोज भट्टको छोरा रन्जन भट्ट आफ्नै बुवाबाट कुटपिट भई वेसहारा भएकोमा आमाको माया छात्राबासमा राखी पढ्नलाई हिम्मत बहादुर चन्दले निवेदन दिई रु.१०,००० सहायता निजले नै बुझेको देखियो । उक्त रकम पिडित बच्चा श्री रन्जन भट्टले सहायता पाएको एकिन हुने प्रमाण पेश हुनुपर्ने रु.</td><td>१०,०००।-</td></tr>
<tr><td>४२.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई राख्नुपर्ने व्यवस्था छ । निम्नानुरुप गरिब छात्रछात्राहरुलाई आर्थिक सहायता उपलब्ध गराएकोमा निजको अभिभावक वा छात्रछात्राहरुले रकम बुझेको भरपाई पेश नभएकोले पेश हुनुपर्ने रु.
<table>
<tr><td>रकम बुझि लिएको व्यक्ति</td><td>विद्यार्थीको नाम</td><td>अभिभावको नाम</td><td>रकम</td></tr>
<tr><td rowspan="4">विनोद बहादुर चन्द</td><td>लाखनराम भुल</td><td>अन्नराम भुल</td><td>२०००</td></tr>
<tr><td>चाँदनी कुमारी भुल</td><td>मानीराम भुल</td><td>२०००</td></tr>
<tr><td>मुस्कान राम भुल</td><td>महेशराम भुल</td><td>२०००</td></tr>
<tr><td>दिपक राम भुल</td><td>चिउसे भुल</td><td>२०००</td></tr>
<tr><td rowspan="6">दान बहादुर क्षेत्री</td><td>भागीरथि तिरुवा</td><td>-</td><td>२०००</td></tr>
<tr><td>सपना भाट</td><td>-</td><td>२०००</td></tr>
<tr><td>निलम नाथ</td><td>-</td><td>२०००</td></tr>
<tr><td>दिपक सिंह भण्डारी</td><td>-</td><td>२०००</td></tr>
<tr><td>महेश नाथ</td><td>-</td><td>२०००</td></tr>
<tr><td>कमला क्षेत्री</td><td>-</td><td>२०००</td></tr>
<tr><td>वेलमती भण्डारी</td><td>कपिल नाथ</td><td>-</td><td>४०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२६,०००।-</td></tr>
</table></td><td>२६,०००।-</td></tr>
<tr><td>४३.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई राख्नुपर्ने व्यवस्था छ । बालबालिका लक्षित कार्यक्रम अन्तर्गत द.न.पा ५ मा बाल क्लब व्यवस्थापन गर्नका लागि सामाग्री खरिद गर्न रु.२५,००० आचल चन्दले भुक्तानी लिएकोमा सामाग्रि खरिदको विल भरपाई पेश नभएकोले खरीदको बिल र स्टोर दाखिला प्रमाण पेश हुनुपर्ने रु.</td><td>२५,०००।-</td></tr>
</table>

<table>
<tr><td>४४.</td><td>ठेक्का नं. DCM/UG/PR/04/073/74को लागत अनुमान मु.अ.कर समेत रु.२,४१,७७,२४२।२९को वार्ड नं. १ स्थित चक्रपथ कालोपत्रे गर्ने ठेक्का निर्माण व्यवसायी चन्द्रा एण्ड बसन्त ग्वालेक जे.भी जावलाखेल ललितपुरलाई मु.अ.कर समेत रु.२,४०,५६,९२४।२६ को ठेक्का मिति २०७३।११।१९ मा सम्झौता भई कार्य सम्पन्न गर्नुपर्ने म्याद मिति २०७४।२।२५ सम्म भएकोमा सो मितिमा कार्य सम्पन्न गर्न नसकी बर्षात र जग्गा विवादको कारण भनि पहिलो पटक २०७४।३।१२ मा म्याद थप भएको , दोस्रो पटक २०७४।६।२५ सम्म म्याद थप गरिएको र सो म्यादसम्म पनि कार्यसम्पन्न हुन नसकेको देखिदाँ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुरुप ठेकेदारको आफ्नै कारणले पटक पटक म्याद थप हुदा समेत कार्य सम्पन्न हुन सकेको देखिएन । अतः निज संग भएको संभौताको GCC १३.६ अनुसार अधिकतम १० प्रतिशतले हुने रु २१२८९३२। क्षतिपुर्ति असुल हुनुपर्ने देखिन्छ ।</td><td>२१२८९३२।</td></tr>
<tr><td>४५.</td><td>द.न.पा ३ वडा कार्यालय भवन निर्माण उपभोक्ता समितिको लागत अनुमान रु.२,०८,३२१।२९ मध्ये कार्यसम्पन्न रु.२,०७,९३५।९३ को भएकोमा सो कार्यमा उपभोक्ता समितिले गरेको योगदान २० प्रतिशत कटाई रु.१,६६,३४९ भुक्तानी गर्नुपर्नेमा रु.२,५०,००० भुक्तानी दिएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.</td><td>८३,६५१।-</td></tr>
<tr><td>४६.</td><td>पूँजीगत तर्फः<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई राख्नुपर्ने व्यवस्था छ ।निम्नानुरुप भुक्तानी दिईएकोमा कार्य सम्पन्न प्रतिवेदन र बील भरपाई पेश नभएकोले पेश हुनुपर्ने अनयथा असुल हुनुपर्ने रु.
<table>
<tr><td>श्री हरिकृष्ण भट्ट (बील पेश नभएको)</td><td>६७३७२</td></tr>
<tr><td>दुर्गाभवानी स्वास्थ्य चौकी (कार्यसम्पन्न प्रतिवेदन पेश नभएको)</td><td>१५३४८०</td></tr>
<tr><td>श्री कृष्णदत्त भट्ट (बील पेश नभएको)</td><td>९८७३८</td></tr>
<tr><td>जम्मा</td><td>३,१९,५९०।-</td></tr>
</table></td><td>३,१९,५९०।-</td></tr>
<tr><td>४७.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई राख्नुपर्ने व्यवस्था छ । नक्सा पास सम्बन्धि अभिलेखिकरण वाफत महादेव भट्टले रु १ लाख को बील फछ्यौट गर्दा बील भरपाई रु.७८,८०१। को मात्र पेश गरी रु.१००००० खर्च लेखेकोले बील भरपाई बेगर बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.</td><td>२१,११९।-</td></tr>
<tr><td>४८.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई राख्नुपर्ने व्यवस्था छ । महादेव भट्टले नक्सा पास सम्बन्धि अभिलेखिकरण कार्य गरेको दै.भ्र.भ तथा फुटकर खर्च दाबी गरेपछी पुनः सोही कामको लगत तयार गरेको भनि रु.२०,००० मा कर कटाई रु.१७,००० भुक्तानी लिएको रकम असुल हुनुपर्ने रु.</td><td>१७,०००।-</td></tr>
<tr><td>४९.</td><td>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अर्न्तगत तरकारी कार्यक्रमका लागि २०७५।३।१ मा सम्झौता भए बमोजिम असिमी केदार तरकारी समुहका संयोजक देवदत्त भट्टले रु.२,१३,००० मध्ये नगरपालीकाले रु.१,००,००० र समुहले रु.१,१३,००० बेहोर्ने सहमति भएकोमा बील भरपाई रु.२,००,५०० को मात्र पेश भएकोले घटी बिल रु.१२,५०० मध्ये नगरपालीकाले व्यहोरेको ४६.९४ प्रतिशत असुल हुनुपर्ने रु.</td><td>५,८६७।-</td></tr>
<tr><td>५०.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई राख्नुपर्ने व्यवस्था छ । विभिन्न उपभोक्ता समितिका महिलाहरुको लागि सिप विकास तालीम वाफत रु.५०,००० खर्च लेखेकोमा बील भरपाई पेश नभएकोले पेश हुनुपर्ने रु.</td><td>५०,०००।-</td></tr>
<tr><td>५१.</td><td>गुरुखोला खाल गोरेटो बाटो निर्माण उपभोक्ता समितिले योजनाको लागत अनुमान रु.४,३१,६४७।०७ मध्ये रु.४,१३,५६९।२२ को काम सम्पन्न भएकोमा संभलौता अनुसार २० प्रतिशत श्रमदान रु.८२,७१४ कटाई रु.३,३०,८५५ मात्र भुक्तानी दिनुपर्नेमा रु.३,३६,००० भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.</td><td>५,१४५।-</td></tr>
<tr><td>५२.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चका साथ विल भरपाई राख्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिसंगको संभौता अनुसार पेनिला निर्माण तथा ढल निकास निर्माण वडा नं.६ उपभोक्ता समितिले योजनाको लागत अनुमान रु.१,१२,९९०।८२ भएकोमा कार्य सम्पन्न रु.१,१२,६७३।५५ मुल्यको गरेर बील पेश गरेकोमा नगरपालीकाले संभौता अनुसार २० प्रतिशत श्रमदान रु.२२,५३५ कटाई रु.९०,१३८ मात्र भुक्तानी गर्नुपर्नेमा रु.९६,००० भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु.</td><td>५,८६२।-</td></tr>
<tr><td>५३.</td><td>माहुरी घार वितरण कार्यक्रम अर्न्तगत सामुदायिक विकास समाज नेपालले माहुरी घार वितरण कार्यक्रम तालिममा रु.२,५१,००० खर्च गरेकोमा उपभोक्ता समितिबाट व्यहोर्ने २० प्रतिशत श्रमदान रु.५०,२०० कटाई रु.२००,८०० मात्र भुक्तानी दिनुपर्नेमा रु.२,२५,००० भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.</td><td>२४,२००।-</td></tr>
<tr><td>५४.</td><td>वढपताली देखि खाडेनी सतपाली खानेपानी जि.आर.टि पाइप जडान तथा मर्मत द.न.पा. १० उपभोक्ता समिति, योजनाको लागत अनुमान रु.५,९७,३५९।०८ भएकोमा काम सम्पन्न रु.५,७६,२०८।४२ को भएको छ । सो कामको संभौता अनुरुप उपभोक्ता समितिको २० प्रतिशतले श्रमदान रु.१,१५,२४१ कटाई रु.४,६०,९६६ मात्र भुक्तानी दिनुपर्नेमा प्रथम विलबाट रु.४,०५,३९३ र दोस्रो बिलबाट रु.७४,६०६ गरी रु.४,७९,९९९ भुक्तानी गएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.</td><td>१९,०३३।-</td></tr>
</table>

| | | |
|---|---|---|
| ५५. | जोशीबुङ्गा मा.वि भवन मर्मत वडा नं.९ उपभोक्ता समिति, योजनाको लागत अनुमान रु.६,०४,२२७।०९ मध्य कार्य सम्पन्न रु.६,०१,६०३।०५ भएकोमा समितिबाट व्यहोर्ने २० प्रतिशत श्रमदान रु.१२०,३२१ कटाई बाँकी रु.४,८१,२८२ मात्र भुक्तानी गर्नुपर्नेमा रु.५,१०,००० भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु. | २८,७१७- |
| ५६. | रेडियो सुदुर आवाज ९५ मेगाहर्जलाई साप्ताहिक रेडियो कार्यक्रम बाफत रु.३५,००० भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ को दफा ८८ अनुरुप १५ प्रतिशतका दरले कर कट्टी नभएकोले असुल हुनुपर्ने रु. | ४,७२५।- |
| ५७. | विजया आवासिय विद्यालय घेरवार पर्खाल निर्माण उपभोक्ता समिति, योजनाको लागत अनुमान रु.२,३७,५४२।२५ मध्य कार्य सम्पन्न रु.२,४०,९४१।२५कोकाम सम्पन्न भएकोमा उपभोक्ता समितिले व्यहोर्ने २० प्रतिशत श्रमदान कटाई बाँकी रु.१,९०,०३४। मात्र भुक्तानी गर्नुपर्नेमा रु.१,९२,०००। भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु. | १९६६।- |
